# नेपाल राष्ट्र बैंक, नेपालगंज कार्यालय

## सामान लिलामको सूचना

(सिलवन्दी बोलपत्रको लागि)

प्रथम पटक प्रकाशित मितिः २०७१/९/२८

यस कार्यालयका कम्प्युटर र सोसंग सम्बन्धित अन्य सामान, पुराना फर्निचर, कार्यालय सामान आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्म/ कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

लिलाम हुने मालसामान को न्यूनतम मुल्य एकमुष्ठ रु.४३,१६५।- (अक्षरेपी त्रिचालीस हजार एक सय पैंसट्ठी मात्र) कायम गरिएको छ ।

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

- (क) स्थानः नेरा.बैंक, नेपालगंज कार्यालय, धम्बोजी चोक, नेपालगंज
- (ख) समयः विहान ११.०० बजे
- (ग) मितिः २०७१/१०/१३

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव २१०९९९९/०११-००२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजे देखि दिनको ४ बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएक,ो स्थाई लेखा नंवर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।